गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

२५ असार २०८१ बुलेटिन संख्या #१४७७

# मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ३५

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ७८ | ७ | २ | १० | ७४,५२,५०० | १४ | ५१ |

## घटना सारांशः

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | भोजपुर | टेम्केमैयुङ गा.पा.- २ स्थित वादुङ्वा सामुदायिक स्वास्थ्य ईकाईको भवनमा पहिरो झरी पर्खाल पुरिई क्षति । | ० | ० | ० | ई.प्र.का.दिल्पाको टोली खटिई गएको । |
| | भोजपुर | टेम्केमैयुङ गापा- १ साँवा टोल स्थित एक घर माथिबाट पहिरो आई घर जोखिममा । | ० | ० | ० | प्रचौ गुसेश्वरको टोली खटि गएको । |
| | ओखलढुङ्गा | खिजिदेम्वा गा.पा.- ७ लाम्पाते स्थित मानिस नबस्ने एक घर पहिरोका कारण भत्किई क्षति । | ० | ० | ० | प्र.चौ. रावादोलुको टोली खटिई गएको । |
| | सोलुखुम्बु | सोलुदुधकुण्ड न.पा.- ४ जम्बुक फेदी स्थित फाप्लु देखी जुनबेसी जाने भित्री कच्ची कृषी सडक खण्डमा पहिरो खसि बाटो अबरोध । | ० | ० | ० | बि.सु.गार्डको टोली खटि बाटो खुलाउने तर्फ पहल भईरहेको । |
| | सोलुखुम्बु | सोलु दुधकुण्ड न.पा.- ६ जोरबौद्ध नजिक सिद्धीचरण लोकमार्ग स्थित माथिबाट पहिरो झरि सडकमा ठुलो ढुङ्गा खसी सडक अबरोध । | ० | ० | ० | अ.प्र.पोष्ट दोर्पुको टोली र स्थानीय मिली सामान्य पहिरो पन्छाई सानो गाडीहरु आवत जावत हुन सक्ने बनाएको । |
| | सोलुखुम्बु | सोताङ गा.पा.- ५ गोरखिम स्थित सोताङबाट गोरखिम जाने भित्री कच्ची सडकखण्डमा माथिबाट पहिरो गई सडकमा थुप्रिएको, २ वटा घर जोखिममा | ० | ० | ० | ईप्रका सोताङको टोली खटिई गएको । |
| | धनकुटा | साँगुरीगढी गापा- ६ फेदी स्थित कोशी लोकमार्गमा माथिबाट माटोको ढिस्को झरी तत्काल सडक दुईतर्फी नै अबरोध। | ० | ० | ० | प्रचौ मुलघाटको टोली खटि बाटो खुलाउने पहल भईरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मकवानपुर | भीमफेदी गा.पा.- २ भैंसे स्थित भीमफेदी कुलेखानी काठमाण्डौ सडक खण्डमा माथिबाट ठूलो ढुङ्गा खसी सडक एक तर्फी अवरोध । | ० | ० | ० | प्र.चौ.भैंसेको टोली खटि ढुङ्गा पन्छाउन पहल भईरहेको । |
| | काभ्रेपलाञ्चोक | पाँचखाल न.पा.- ८ पचास किलो स्थित सडक भन्दा माथि सुख्खा पहिरो आई अरनिको राजमार्ग अबरोध । | ० | ० | ० | पहिरो अझै आई रहेकोले तत्काल हटाउन असहज, सानो सवारी साधनलाई बैकल्पिक बाटोबाट पठाईएको । |
| | म्याग्दी | रघुगंगा गा.पा.- २ माथिल्लो बैसरी स्थित बेनी- जोमसोम सडक खण्डमा माथिबाट लेदो सहितको पहिरो खसि बाटो पूर्णरुपमा अबरुद्ध । | ० | ० | ० | अ.प्र.पोष्ट तिप्ल्याङको टोली खटि JCB द्वारा बाटो खुलाउने कार्य भईरहेको । |
| | लमजुङ्ग | अबिरल बर्षाको कारण डुम्रे बेसीशहर सडक खण्ड अन्तरगत पर्ने बेसीशहर न.पा.- १ दलाल, ऐ अधेरीगैरा स्थित माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरुद्ध । | ० | ० | ० | बाटो खुलाउने तर्फ आवश्यक पहल भईरहेको। |
| | रोल्पा | माडी गापा- ३ लरिछहरा स्थित घोराही रुकुम शहिद राजमार्गमा माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | ई.प्र.का.घर्तिगाउँको टोली खटिई बाटो खुलाउने पहल भइरहेको |
| | रोल्पा | त्रिबेणी गापा.- ७ गईरी स्थित रुकुम घोराही शहिद राजमार्गमा माथिबाट सुख्खा पहिरो आई बाटो पूर्णरुपमा अबरुद्ध । | ० | ० | ० | बाटो सुचारु । |
| | प्युठान | मल्लरानी गा.पा.- २ स्याला स्थित भिरमौरी कटेज माथिबाट पहिरो आई पूर्णरुपमा पुरिई क्षति । | ० | ० | ० | प्र.चौ.चुजाठाँटीको टोली खटिई गएको । |
| | प्युठान | माण्डवी गा.पा.- १ गर्जेनी, ऐ. सिमलचौर स्थित बर्षादको कारण माथिबाट लेदो पहिरो आई भालुबाङ दाङ प्युठान मुख्य सडक खण्ड अबरुद्ध । | ० | ० | ० | प्र.चौ. देबिस्थानको टोली खटि गएको । |
| | सल्यान | शारदा न.पा.- २ गैरागाउँ स्थित एक घरको पछाडि पट्टिको भाग पहिरोका कारण पूर्णरुपमा भत्किई विस्थापित ३ जनालाई आफन्तको घरमा सारिएको । | ० | ० | ० | - |
| | सल्यान | कालिमाटी गा.पा.-४ टटेली स्थित सुर्खेत कालिमाटी दाङ सडक खण्डमा बर्षातको कारण पहिरो आई बाटो अबरोध । | ० | ० | ० | बाटो सुचारु । |
| | अर्घाखाँची | सन्धिखर्क न.पा.- ६ दहखोला स्थित गोरुसिङ्गे सन्धिखर्क सडकखण्डमा अविरल वर्षाको कारण पहिरो झरी बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | प्र.चौ.नरपानीको टोली JCB सहित गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रुकुम पूर्व | सिस्ने गापा.- १ दल्ली गैरा भन्ने स्थानमा बर्खाको पशु चौपाया पाल्ने गोठमा बर्षादको कारण माथिबाट पहिरो आई एक परिवार नै वेपत्ता भएकोमा वर्ष ४० का एक पुरुष, वर्ष ३८ र वर्ष ९ की २ जना महिला गम्भिर घाईते अवस्थामा उद्धार गरिएको, वर्ष ७ का एक बालकको खो.त. भइरहेको, १ वटा भैसी, १ वटा पाडो र २ वटा २ गोरु पनि घाइते । | ० | १ | ३ | - |
| | डोल्पा | ठुलिभेरी न.पा.- ५ घट्टेखोला स्थित थरगाउँबाट घट्टेखोला जलबिद्युतसम्म जानको लागि निर्माण गरिएको झोलुंगे पुलको वारीतर्फको भाग अबिरल बर्षातका कारण माथिबाट पहिरो आई क्षति, आवतजावत बन्द । | ० | ० | ० | - |
| | हुम्ला | खार्पुनाथ गा.पा.- ५ खर्पेल गाउँ स्थित एक घरको आँगननको भाग, ४ घार मौरी समेत पहिरोले बगाई घर समेत जोखिममा । | ० | ० | ० | प्र.ह.को टोली खटिई गएको । |
| | हुम्ला | सर्केगाड गा.पा.- १ खच्चा स्थित कर्णाली करीडोर सडक खण्डमा अबिरल बर्षाका कारण माथिबाट पहिरो आई सडक अवरोध । | ० | ० | ० | अ.प्र.पोष्ट तुम्चको टोली खटिई गई बाटो खुलाउने पहल भईरहेको । |
| | हुम्ला | अदानचुली गा.पा.- २ कटकुना स्थित कर्णाली करीडोर सडक खण्डमा अबिरल बर्षाका कारण माथिबाट पहिरो आई सडक अवरोध । | ० | ० | ० | प्र.चौ.श्रीनगरको टोली खटिई गई सडक खुलाउने पहल भईरहेको । |
| | मुगु | छायानाथ रारा न.पा.- ७ जिरो प्वाईन्ट स्थित राराताल जाने बाटो भित्री सडक खण्डमा अविरल वर्षाको कारण माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | प्र.स.नि.को टोली खटि गई बाटो खुलाउने पहल भईरहेको । |
| | कालिकोट | सान्नीत्रीबेणी गा.पा.- १ रेङ्गील नजीकै अबिरल बर्षाको कारण माथिबाट पहिरो आई बाटो अबरोध । | ० | ० | ० | अ.प्र.पोष्ट सान्निघाटको टोली खटि बाटो खुलाउने पहल भईरहेको । |
| | डडेल्धुरा | नवदुर्गा गा.पा.- २ रन्तपाला स्थित एक घर माथिबाट पहिरो आई घर सहित लत्ताकपडा, भाँडावर्तन, खाद्यान्न पूर्णरुपमा क्षति, प्रभावित परिवार आफन्तको । | ० | ० | ० | - |
| | बाजुरा | स्वामीकार्तिक खापर गा.पा.- २ बाहुन गाउँ बस्ने वर्ष ४०, वर्ष ४६ र वर्ष ६५ का गरी तीनजना पुरुष ढिक्कर सिंचाई | ० | ० | १ | घाईतेलाई उपचारको लागि प्रा.स्वा.के.कोल्टी पठाएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कुलोको मुहान सफा गर्ने क्रममा अचानक माथिबाट पहिरो खस्न गई एकजना घाईते | | | | |
| | बाजुरा | हिमाली गा.पा.- ४ साँगा स्थित कर्णाली करिडोर राजमार्गमा अविरल बर्षाका कारण पहिरो आई राजमार्ग पूर्णरुपमा अवरोध, एउटा मो.सा. समेत पुरिएको। | ० | ० | ० | प्र.चौ.धुलाचौरको टोली खटिई बाटो खुलाउने तर्फ पहल भईरहेको । |
| | बैतडी | पञ्चेश्वर गा.पा.- ४ बुङ्गा स्थित अबिरल बर्षाका कारण एक घर पछाडीबाट पहिरो आई घर भित्र सुतिरहेका वर्ष २३ की एक महिला र वर्ष १८ का एक पुरुष घाईते, घर पूर्णरुममा जोखिममा । | ० | ० | २ | घाईतेहरुलाई उपचारको लागि आमचौरा स्वास्थ्य चौकीबाट स्वास्थ्यकर्मीको टोली घटनास्थल तर्फ गईरहेको, जोखिमपूर्ण रहेका घरका व्यक्तीहरुलाई सुरक्षित स्थानमा सार्ने कार्य भईरहेको । |
| | बैतडी | सिगास गा.पा.- २ स्थित जय-पृथ्वी राजमार्ग अन्तर्गत बझाङ खोड्पे सडकखण्डको मुस्याखान भन्ने स्थानमा माथिबाट पहिरो खसि सडक अवरोध । | ० | ० | ० | अ.प्र.पोष्ट ढोल्यामोडको टोली खटी अवरोध हटाई सडक पूर्णरुपमा सुचारु । |
| | बैतडी | सुर्नया गा.पा.- २ स्थित पाटन-गोठलापानी सडक खण्डको रिठागैर भन्ने स्थानमा माथिबाट पहिरो खस्न गई सडक अवरोध | ० | ० | ० | पहिरो हटाउन JCB को लागि पहल भएको । |
| | बैतडी | पाटन न.पा.- ८ स्थित जयपृथ्वी राजमार्गको बझाङ खोड्पे सडकखण्ड अन्तर्गत बृन्दावन भन्ने स्थानमा माथिबाट पहिरो खस्न गई सडक अवरोध । | ० | ० | ० | प्र.चौ.खोड्पेको टोली खटी अवरोध हटाई सडक पूर्णरुपमा सुचारु । |
| | अछाम | मेल्लेख गा.पा.- ५ जाब्ला सार्की टोल स्थित एक घर पछाडीको भित्ता पहिरोका कारण भत्किई क्षति । | ० | ० | ० | - |
| | डोटी | दिपायल सिलगढी न.पा.- १ तिखा स्थित श्री मगलेक मा.वि.को माथिबाट पहिरो आई दिवाल पुरिई भवन जोखिममा । | ० | ० | ० | ई.प्र.का.दिपायलको टोली खटिई गएको । |
| बाढी | खोटाङ्ग | केपिलासगढी गापा- २ चोखले स्थित एक घरमा पानी पसि किराना सामानहरु डुबाई २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | काभ्रेपलाञ्चोक | रोशी गा.पा.- १ सानो भुक्देउ बस्ने वर्ष ४५ का एक पुरुष गाँउबाट घर जाँदै गर्दा सानो भुक्देउ खोला तर्ने क्रममा खोलाले बगाई मृत अवस्थामा फेला परेको । | १ | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्याङ्जा | प्रदेश नं.३-०२-००९ प ०१९३ नं.को स्कुटी पुतलीवजार न.पा.- १ मालेवगर स्थित आँधीखोलामा खोलाको बीच भागमा पानीमा बगाई ल्याई अड्किएको अवस्थामा जि.प्र.का.बाट प्र.नि.को टोली खटिई गई स्कुटरलाई बाहिर निकालिएको । | १ | ० | ० | स्कुटरका चालक वडा नं- १३ बगालथोक स्थित गैरी सागर आँधीखोलाको बिच किनारमा मृत अवस्थामा फेला परेको । |
| | रोल्पा | रुन्टिगढी गा.पा.- ४ स्थित चेन खोलाको दोभानमा बाढीले बगाएको अवस्थामा वर्ष ५ की एक बालिका मृत अवस्थामा फेला, वर्ष ९ का उनका दाजु घाईते अवस्थामा भेटिएको, दुवैजना सुस्त मनस्थितिको भन्ने बुझिएको । | १ | ० | १ | ई.प्र.का. होलेरीको soco सहितको टोली खटिई गएको । |
| | प्युठान | माण्डवी गा.पा.- ४ फुलबारी स्थित नाम्दाली खोलामा आएको बाढीले एक घर, एक गोठ, १० रोपनी धान खेती, एक कुखुराको खोर र एक पक्की कुलो बगाई क्षति । | ० | ० | ० | प्र.चौ. देबिस्थानको टोली खटिई गएको। |
| | दाङ्ग | घोराही उ.म.न.पा.- १८ स्थित उर्बर मौरी पालन फर्मको चरिचरणको लागि ल्याई राखेको १४५ गोला मौरी सहितका घार,स्टैण्ड र २५ वटा खाली मौरीको घार अबिरल बर्षातको कारण बबई नदीमा आएको पानीको बहाबले बगाई २३ लाख ८६ हजार ५ सय रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट धारापानीको टोली खटिई गएको । |
| | दाङ्ग | तुलसीपुर उ.म.न.पा.- १५ पारगनारी स्थित एक घरको पूर्व तर्फको भाग बर्षातका कारण भत्किन गई ५ लाख रुपैंया बराबरको क्षति, प्रभावित ५ जनाको परिवार आफन्तको घरमा गई बसेको । | ० | ० | ० | ई.प्र.का. मलवारको टोली खटि गएको । |
| | दाङ्ग | घोराही उ.म.न.पा.- ५ नैनावर स्थित ३ वटा घरमा पानी पसि अन्नपात, लत्ताकपडा लगायत घरको भित्ता चर्किई ४ लाख रुपैंया बराबरको क्षति, ७ जना प्रभावितहरु ऐ.नैनावार सामुदायिक (स्थानिय महिला समुहले बनाएको) भवनमा बसेको । | ० | ० | ० | - |
| | पाल्पा | तिनाउ गा.पा.- १ ठुली उदाङ स्थित एक घरको पाली र पर्खाल बाढीका कारण भत्कई घर जोखिममा । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पाल्पा | तानसेन न.पा.- १४ अर्गेली स्थित भित्री कालीगण्डकी करिडोर सडक खण्डमा गाईघाट खोलाको पानीको बहाब ठूलो भई ह्यूमपाईप बगाई बाटो पूर्णरुपमा अवरोध । | ० | ० | ० | प्र.चौ.अर्गेलीकीको टोली खटि बाटो पूर्णरुपमा सुचारु । |
| | हुम्ला | खार्पुनाथ गा.पा.- ५ कुरिला स्थित कर्णाली करिडोर सडक खण्डमा अबिरल बर्षाका कारण माथिबाट पहिरो आई सडक अवरोध । | ० | ० | ० | प्र.चौ.खार्पुनाथको टोली गई सडक खुलाउन पहल भईरहेको । |
| | कैलाली | भजनी न.पा.- ८ सोनाफाटा, खल्ला टोल र बीचको टोलमा पथरैया नदीमा आएको बाढीको पानी पसि करिव २० घरधुरीका ६० जना मानिसहरु ऐ.कृष्णनगर चोक देखी पथरैयाको ढीक र हुलाकी सडक खण्डको छेउछाउमा त्रिपाल हाली बसेका | ० | ० | ० | - |
| | कञ्चनपुर | पुर्नवास न.पा.- ५ ग गाउँ स्थित ईटा भट्टी नजिक खेल्ने क्रममा दोदा नदीको बहाव बढ्न गई वर्ष १५, वर्ष १६ र वर्ष १७ का गरी ३ जना किशोरीहरु पानीमा डुबी हराई बेपत्ता । | ३ | ० | ० | इ.प्र.का. त्रिभुवनवस्ती र सशस्त्रको टोली खटिई गई खो.त.कार्य गरेकोमा तीनैजना मृत अवस्थामा फेला परेको । |
| | कञ्चनपुर | कृष्णपुर न.पा.- १ मोती बस्ने ७ महिनाका एक बालक आफ्नो आमासँगै सुतेकोमा राती पलङबाट कोठामा बर्षातको पानी भरिएको ठाँउमा खसी मृत्यु । | १ | ० | ० | इ.प्र.का. झलारीको SOCO सहितको टोली खटिई गएको । |
| | कञ्चनपुर | बेलडाँडी गापा- ३ बस्ने वर्ष २३ का एक पुरुष अन्य ६ जना सहित ऐ.वडा न.-५ मा पर्ने चौदारा नदीमा माछा मार्न गएको अवस्थामा खोलाले बगाई बेपत्ता। | ० | १ | ० | प्रचौ झिलमिलाको टोली खटि गई खो.त. भईरहेको । |
| | कञ्चनपुर | दोधारा चाँदनी.न.पा.- ३ जमुनाघाडी टोल, ऐ.वडा न.-१ पुर्णागिरी टोलमा जोगबुढा नदीको पानी पस्न गई १० जनाको गोठमा रहेका बाख्रा- ४५, भैसीको पाडो- १, कुखुरा- २० को मृत्यु, ऐ. वडा न.- १ पुर्णागिरि टोलका दुईवटा कुखरा फर्म डुबी २१५० वटा चल्ला मरेको । | ० | ० | ० | प्र.नि.को टोली खटि उद्दार कार्य भइरहेको । |
| | कञ्चनपुर | बेल्डाडी गा.पा- ५ ईमिलिया स्थित चौधरा नदीमा रहेको नहरको बाध फुटेका कारण ऐ. बेलौरी न.पा-८ राना टोलमा पानी पसि करिव १०० घरधुरी डुबानमा । ५०० मानिस प्रभावित भई उच्च स्थान नहर छेउमा सुरक्षित साथ बेसेको | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अबिरल वर्षा | उदयपुर | लिम्चुङबुङ गा.पा.- १ स्थित २ वटा घरको छानोबाट पानी झरी गारो भत्किई १ लाख ७५ हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | २ घरका गरी १० जनाको परिवार आफन्तको घरमा गई बसेको । |
| | म्याग्दी | अन्नपूर्ण गा.पा.- ५ सोबिता स्थित अविरल वर्षाको कारण एक घर नजिकै पहिरो जाँदा घर पूर्णरुपमा जोखिममा, ४ जनाको परिवार घरबाट लत्ताकपडा र अन्नपात झिकी बारीमा त्रिपाल टागेर बसिरहेको। | ० | ० | ० | प्र.चौ.शिखघाराको टोली खटि गएको । |
| | रुपन्देही | गैडहवा गा.पा.- ३ स्थित बर्षादको कारण एक घर भत्किई अन्नपात, लत्ताकपडा लगायतका सामानहरु सहित ६० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का. सुर्यपुराको टोली खटिई गएको । |
| | अर्घाखाँची | अबिरल बर्षाको कारण शितगंगा न.पा- ६ जुकेना स्थित एक घरको गारो भत्किई सामान सहित र मानिसहरु आफनै गोठमा) सारिएको । | ० | ० | ० | - |
| | अर्घाखाँची | शितगंगा न.पा- १० बर्रे स्थित गारो अबिरल वर्षाका कारण भत्किई घर पूर्णरुपमा जोखिममा, ४ जनाको परिवार आफ्नै अर्को घरमा सकेको । | ० | ० | ० | - |
| | दाङ्ग | घोराही उ.म.न.पा. १९ च्यानगैरा स्थित अविरल बर्षाका कारण एक घर भत्किई लत्ताकपडा, भाडावर्तन, अन्नपात गरी ३ लाख ३५ हजार रुपैंया बराबरको क्षति। | ० | ० | ० | प्र.चौ.दुईखोलीको टोली खटिई गएको । |
| | दाङ्ग | घोराही उ.म.न.पा.- ५ डाँगी गाँउ स्थित एक घर अबिरल बर्षातका कारण भासिदा भित्ता भत्किई २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट दलजितपुरको टोली खटिई गई अन्नपात सुरक्षित ठाँउमा सारिएको । |
| | दाङ्ग | बबई गा.पा.- ५ जलुके स्थित एक घर अबिरल बर्षाको कारण भत्किई लत्ताकपडा, अन्नपात, भाडाबर्तन, फर्निचर गरी ९ लाख ५० हजार रुपैंया बराबरको क्षति, ६ जनाको परिवार आफन्तको घरमा गई बसेको । | ० | ० | ० | - |
| | दाङ्ग | घोराही उ.म.न.पा.- ५ बसन्तपुर स्थित एक घरको बाहिरी दिवाल अविरल बर्षाका कारण भत्किई अन्नपात, लत्ताकपडा, भाँडावर्तन गरी १० लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट दलजितपुरको टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दैलेख | नौमुले गापा.- ७ पैति स्थित नेरा मा.बि. को कम्पाउण्ड अबिरल वर्षाका कारण भासिन गई पर्खाल भत्किई क्षति । | ० | ० | ० | ई.प्र.का.नौमुलेको टोली खटिई गएको । |
| | जाजरकोट | भेरी न.पा.- १ च्याउपानी भन्ने स्थानमा गत बर्ष गएको भुकम्पको कारण जमिन चर्किएर चिरा चिरा भएकोमा लगातार भईरहेको बर्षातको कारण पहिरोको उच्च जोखिममा रहेकाले ११ घरपरिवार जोखिममा । | ० | ० | ० | ६ घरपरिवारलाई स्थानीय तह, नेपाल रेडक्रस सोसाईटीसँगको समन्वयमा त्रिपाल प्रदान गरी ऐ.-१ मैंदेचौर स्थित खुल्ला चौरमा अस्थाई रुपमा स्थानान्तरण गरिएको, अन्य ४ घरपरिवारहरु आफ्नो सरसामान ब्यबस्थापन गरेर भारत तर्फ गएका र १ घरपरिवार आफन्तकोमा गएको । |
| | जाजरकोट | भेरी न.पा.- ३ चंखेली डाँडा स्थित २ वटा घर बर्षातको कारण पहिरोको उच्च जोखिममा । | ० | ० | ० | २ घरका १० जना परिवारलाई स्थानीय तहसँग समन्वय गरी ऐ. श्री त्रिभुवन मा.बि. थाप्लेमा अस्थाई रुपमा स्थानान्तरण गरिएको । |
| | कालिकोट | रास्कोट नपा.- ५ साहु बाडा स्थित एक घर अविरल वर्षातको कारण भत्किई पूर्णरुपमा क्षति । | ० | ० | ० | ई.प्र.का.स्युनाको टोली खटिई गएको । |
| | कालिकोट | सान्नीत्रीवेणी गा.पा.- ४ वालुपाता स्थित एक घर अविरल बर्षातको कारण पूर्णरुपमा भत्किई क्षति । | ० | ० | ० | प्र.चौ.मेहेलमुडीको टोली खटिई गएको । |
| | कालिकोट | सान्नीत्रीवेणी गा.पा.- ४ उजेलीगाँउ स्थित श्री मालिका आधारभूत विद्यालयको शौचालयको दिवाल भत्किई खानेपानीको पाईप समेत क्षति । | ० | ० | ० | प्र.चौ.मेहेलमुडीको टोली खटिई गएको । |
| | कालिकोट | रास्कोट नपा.- ५ साहु बाडा स्थित एक घर अविरल वर्षातको कारण घरको दिवाल भत्किई क्षति । | ० | ० | ० | ई.प्र.का.स्युनाको टोली खटिई गएको । |
| | बाजुरा | स्वामिकार्तिक खापर गा.पा.- १ भैसीखालि स्थित एक घर अविरल बर्षाका कारण भत्किई अन्नपात, लत्ताकपडा, भाँडाबर्तन लगायत सरसमानहरु क्षति, ६ जनाको परिवार आफन्तको घरमा गई बसेको । | ० | ० | ० | अ.प्र.पोष्ट.मुक्तिकोटको टोली खटिई गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बैतडी | दशरथचन्द न.पा.- ३ बर्कुराली स्थित एक घर अबिरल बर्षाको कारण भत्किई सम्पूर्ण मालसामान सहित घर पूर्णरुपमा क्षति, १ वटा गाई र १ भैसी सामान्य घाईते । | ० | ० | ० | - |
| | डोटी | शिखर न.पा.- ३ जोरागाउँ स्थित एक घर अविरल वर्षाका कारण दिवाल चर्किई आंशिक रुपमा क्षति, ३ जनाको परिवार आफन्तको घरमा गई बसेको । | ० | ० | ० | - |
| **आगलागी** | सोलुखुम्बु | थुलुङ दुधकोशी गा.पा.- ९ मामसखोप स्थित एक घरमा अचानक बिद्युतको तार सर्ट भई आगलागी हुँदा नगद, ल.क., भाँडाबर्तन, अन्नपात समेत जली ८ लाख ७० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | स्थानीयद्वारा आगो पूर्णरुपमा नियन्त्रण । |
| | काठमाडौं | काठमाडौं म.न.पा.- १० बुद्दनगर स्थित के.एम.सी.कलेज नजिक बिजुलीको पोलमा बिद्युत सर्ट भई आगलागी हुँदा विजुली र केवलका तारहरु जली क्षति । | ० | ० | ० | स्थानीय र प्रहरीको संयुक्त सहायतामा आगो नियन्त्रण । |
| | चितवन | भरतपुर म.न.पा.- ११ बिषालचोक स्थित योक्टा सिरक डस्ना तथा कपास पर्दा कार्पेट पसलमा अचानक बिद्युतको तार सर्ट भई आगलागी हुँदा सिरक, डस्ना, कपास, कार्पेट जलि पूर्णरुपमा क्षति, , क्षतिको बिबरण आउन बाँकि । | ० | ० | ० | स्थानीय, प्रहरी र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | सप्तरी | हनुमाननगर कंकालिनी नपा- ५ स्थित एक गाई गोठमा अचानक आगलागी हुँदा बाख्रा-३ वटा, पाठा-२ वटाको मृत्यु, गाई १ वटा घाइते भई २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | नेपाल प्रहरी र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | रोल्पा | सुनछहरी गापा.- ३ बाहिरी गाम स्थित एक घरगोठमा कोही नभएको अवस्थामा आगलागी भई पूर्णरुपमा जली १ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | - |
| | बर्दिया | बाँसगढी न.पा.- ५ रामपुर स्थित एक घरमा एक्कासी आगलागी हुँदा २० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का.मोतीपुरको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| **जनावर आक्रमण** | दाङ्ग | तुलसीपुर उ.म.न.पा.- ९ स्थित नव दुर्गा सामुदायिक वनमा च्याउ टिप्न गएका वर्ष १८, वर्ष ४५ र वर्ष ५२ का गरी ३ जना महिलाहरुलाई बाघले चिथोरी घाईते । | ० | ० | ३ | घाईतेहरुको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भईरहेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बर्दिया | बारबर्दिया न.पा.- ७ बुद्धनगरटोल स्थित जङ्गली हाती आई एक घर भत्काई अन्नपात, लताकपडा, भाँडावर्तन, काठपात क्षति । | ० | ० | ० | - |
| **जम्मा संख्या** | | **७८** | **७** | **२** | **१०** | |

❖ *नोटः असार २४ गते विहान १०:०० बजे देखि असार २५ गते विहान १०:०० बजेसम्म*

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal **र** www.facebook.com/ndrrma/videos **र** www.youtube.com/NDRRMA **मा जानुहोस्।**

## दैनिक वर्षा (Daily Precipitation) को सारांशः

असार २४ गते बिहान ०८:४५ बजे देखि असार २५ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०३/२५ गते बिहान ०८:४५ बजे १९८ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ६८ र स्वचालितः १३०) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १६५ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा सुनसरी जिल्लाको धरान बजार केन्द्रमा (१५९.० मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये २० वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी र १० वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी वर्षा भएको छ।




नक्सा १: असार २४ गते बिहान ०८:४५ बजे देखि असार २५ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः




नक्सा २: असार २४ गते बिहान ०८:४५ बजे देखि असार २५ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: असार २३ गते साँझ ०५:४५ बजे देखि असार २४ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: क्रमशः ५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| कपिलबस्तु, सिन्धुपलाञ्चोक, कञ्चनपुर, इलाम, धनकुटा, मकवानपुर, महोत्तरी | सुनसरी, उदयपुर, सर्लाही, सिराहा | - |

तालिका २: २०८१/०३/२५ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०३/२४ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ४ | ० |
| १५ देखि २० | २५ | ३ |
| २० देखि २५ | २४ | १३ |
| २५ देखि ३० | १८ | २२ |
| ३० देखि ३५ | ० | २९ |
| ३५ देखि ४० | ० | ७ |
| जम्मा केन्द्र संख्या (वटा) | ७१ | ७४ |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | २८.४ डि.से./परासी, नवलपरासी पश्चिम | ३७.५ डि.से./चतरा, सुनसरी |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | ११.५ डि.से./रारा, मुगु | १६.० डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु |

नोटः डि.से. = डिग्री सेल्सियस